नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
गोश्वारा हुलाक कार्यालय
# जिल्ला हुलाक कार्यालय

फोन नं.: ०१०-५४०१४५
धुन्चे
रसुवा, नेपाल

पत्र संख्या: २०८२/०८३
च.नं.:

मितिः २०८२/११/१३
ने.सं.:-११४६ चिल्लाध्व नवमी

## निर्वाचन प्रचारप्रसारका सम्बन्धमा जिल्ला हुलाक कार्यालय, रसुवाको अत्यन्तै जरुरी सूचना !

विज्ञापन बोर्ड, बबरमहल काठमाडौंको च.नं. ३४३, मिति २०८२/११/०४ गतेको पत्रानुसार, २०८२/११/२१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा राजनीतिक दल, दलका उम्मेदवार र अन्य उम्मेदवारहरुले गरेका प्रचार, प्रसार सामाग्री तथा आम सञ्चार माध्यम तथा सामाजिक सञ्जाल समेतमा राजनीतिक दल, दलका उम्मेदवार र अन्य उम्मेदवारहरुले गरेका प्रचारप्रसारको अनुगमन गरी निर्वाचन आचारसंहिता, २०८२, विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ तथा विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ अनुसार कार्य भए नभएको अनुगमन गरी प्रतिवेदन गर्ने जिम्मेवारी यस कार्यालयलाई प्राप्त भएकाले, निर्वाचनमा सहभागी राजनीतिक दल, राजनीतिक दलका उम्मेदवार र अन्य उम्मेदवारहरुबाट हुने प्रचार प्रसारको क्रममा उल्लेखित कानूनी व्यवस्थाहरुको प्रतिकुल हुने गरी तपसिल बमोजिमका कामकारबाही भएको पाइएमा प्रमाण (फोटो, लिंक वा अन्य) सहित यस कार्यालयमा उजुरी गर्न सकिने र प्राप्त उजुरीको प्रारम्भिक परिक्षणपछि सम्वन्धित निकायमा सिफारिस हुने व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

1. निर्वाचनमा सहभागी राजनीतिक दल, दलका उम्मेदवार र अन्य उम्मेदवारहरुले प्रयोग गरेका प्रचारप्रसार सामाग्री तथा विभिन्न सञ्चार माध्यम, होर्डिङ बोर्ड, पम्पलेट, पोष्टर, भित्तेलेखन तथा विद्युतीय सञ्चार माध्यम तथा सामाजिक सञ्जाल समेतबाट गरेको विज्ञापन प्रचार प्रसारको क्रममा निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिता, २०८२ तथा अन्य प्रचलित कानून बमोजिम नभएका विषयहरु।
2. आम नागरिलाई प्रचारप्रसारको क्रममा भ्रमपूर्ण झुटा र अरु नराम्रो र आफु मात्र राम्रो वा अन्य दल नराम्रो आफ्नो दल मात्र राम्रो भन्ने खालका विज्ञापन तथा सूचना प्रचार प्रसार गरेका विषयहरु।

उजुरी तथा जानकारीका लागिः
फोन नम्बरः ०१०५४०१४५
सूचना अधिकारीः ९८६३१९५१२०
ई-मेलः rasuwa@nepalpost.gov.np,
postoffice45000@gmail.com

२०८२/११/१३
प्रज्वल अधिकारी
नि. हुलाक अधिकृत

प्रज्वल अधिकारी
निमित्त हुलाक अधिकृत